*"पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"*

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश, नेपाल

आर्थिक वर्ष २०८३/८४ को ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गरी विक्रि गर्ने कार्य सम्वन्धी

# बोलपत्र फारम

ठेक्का नं.- 1-C/MRM/IR/083/84

आ.व. : २०८३/८४

स्थानः मादी नदी, प्याकेज-३ (ठुलो ढुंगा र बालुवा घाट)

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२६

*"पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"*

# मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## थुमाकोडाँडा, कास्की

### गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

सूचना नंः

## आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचना

(Electronic Bid Only)

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च), ढुङ्गा, गिट्टी ,बालुवा बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ र यस गाउँपालिकाको नदी तथा खानीजन्य पदार्थको उपभोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७मा व्यवस्था भए बमोजिम नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन गरी गण्डकी प्रदेश सरकारले तोकेको दरलाई न्यूनतम कायम गरी विक्री गरी ठेक्का वन्दोवस्त गर्नका लागि तपसिलमा उल्लेखित नदी/खोलामा रहेको ढुंगा, गिट्टी, वालुवाको लागि इच्छुक बोलपत्रदाताले मिति २०८३/०५/१६ गते, १२:०० बजे भित्र निवेदन साथ बोलपत्र पेश गर्नको लागि सूचना आव्हान गरिन्छ। अन्य थप जानकारीको लागी www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/ खोलाको विवरण | उत्खनन् गरिने स्थान/घाट तथा प्याकेजको विवरण | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर ) | न्युनतम ठेक्का अंक रकम (मु.अ.कर समेत) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 1-A/MRM/ IR/083/84 | मादी नदी | प्याकेज-१ (रुदी घाट, चमरे ओडार घाट, बांगे रह र भयरे थान माथि कालिमाटी) | ४६८१ | १४९४१७५.२ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०५/१६, १२:०० |
| 1-B/MRM/ IR/083/84 | मकै खोला | प्याकेज-२ (मकै खोला) | ४८०० | १५३२१६० | | |
| 1-C/MRM/ IR/083/84 | मादी नदी | प्याकेज-३ (ठुलो ढुंगा र बालुवा घाट) | ६२६४ | १९९९४६८.८ | | |
| 1-D/MRM/ IR/083/84 | मादी नदी | प्याकेज-४ (पल्मरिंग घाट, विरुवा घाट र काडे घाट) | ४६७८ | १४९३२१७.६ | | |
| 1-E/MRM/ IR/083/84 | मादी नदी | प्याकेज-५ (ढकाले ढोड रंजितखोला छहरे भिर, भैसे ड्यामसाइड र चम्टारी घाट) | ८२७७ | २६४२०१८.४ | | |
| 1-F/MRM/ IR/083/84 | मादी नदी | प्याकेज-६ (खानटारी घाट, ज्याउदी घाट, लामघाट र लामघाट ज्याउदु) | ९०१४ | २८७७२६८.८ | | |

..........................................

**चेतनारायण भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०८३/      /

# <u>निवेदन-पत्र</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मादी गाउँपालिकाको कार्यालय,
थुमाकोडाँडा, कास्की ।

विषयः ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र पेश गरिएको सम्बन्धमा।

महोदय,

उपर्युक्त सम्वन्धमा तहाँ कार्यालको मिति २०८३/०४/२६ गते प्रकाशित सूचना अनुसार आ.व. २०८३/८४ को लागि तपसिल ठेक्काको ढुङ्गा, गिट्टी, वालुवा उल्खनन् गरी विक्रि गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी तपसिल विवरण सहित E-Bidding मार्फत बोलपत्र पेश गरेको छु। मेरो बोलपत्र स्वीकृत भएमा तहा गाउँपालिकाको कार्यालयद्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु।

१. ठेक्का नंः 1-C/MRM/IR/083/84

२. स्थानको नामः मादी नदी, प्याकेज-३ (ठुलो ढुंगा र बालुवा घाट)

तपसिलमा उल्लेखित कागजपत्रहरु संलग्न छन।

क.........................................................

ख.........................................................

ग.........................................................

घ.........................................................

ङ.........................................................

निवेदकः
नामथरः
हस्ताक्षरः
फर्म वा कम्पनीको नामः
ठेगानाः
छापः

"पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"

मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र फारम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) अनुसार आ.व.२०८३/८४ मा ढुङ्गा,गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यका लागि बोलपत्र आव्हान भए बमोजिम बोलपत्र फाराम पेश गरेको छु ।

| आय ठेक्का नं. | उत्खनन् गरिने घाटको विवरण | उत्खनन् गर्न सकिने परिमाण (घन.मिटरमा) | न्यूनतम ठेक्का अंक (भ्याट सहित) | बोलपत्रदाताले कबोल गरेको दर रु. (भ्याट समेत गरी) प्रति घ.मी. | | कबोल गरेको अंक (भ्याट सहित) | बोलपत्र जमानतः कबोल अंक (मु.अ.कर सहित) को ५ % र सो को विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| 1-C/MRM/IR/083/84 | मादी नदी, प्याकेज-३ (ठुलो ढुंगा र बालुवा घाट) | ६२६४ | १९९९४६८.८ | | | | |

पेश गरेको मितिः

बोलपत्रदाताको नामः

बोलपत्रदाताको सही र छापः

"पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"

# मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## थुमाकोडाँडा, कास्की

### गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

**आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी शर्तहरुः**

१. ठेक्का अवधी सम्झौता मितिदेखि २०८४ साल जेष्ठ मसान्तसम्म हुनेछ ।

२. E-bidding मार्फत सहभागि गर्दा PPMO को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि Pdf format मा बोलपत्र पेश गर्नुपर्नेछ।

३. बोलपत्र फारामको लागि यस गाउँपालिकाको बोलपत्र फाराम भरी बोलपत्रदाताको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, संस्था फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नं.(मू.अ.कर सहितको) प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र, बैंक ग्यारेन्टी, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाय नपाएको भनि स्वो घोषणापत्र, सम्वन्धित कार्यको लागि अन्य व्यक्ति तोकिएको भएमा अख्तियारी पत्रको Scan गरि PDF format मा Upload गरी मितिः२०८३/०५/१६ दिनको १२.०० बजे भित्र e-submission गर्नुपर्नेछ र E-submitted बोलपत्रहरु सोहि दिनको १३.०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्रदाताले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन । साथै बोलपत्र मूल्यांकन गर्दा कागजात नबुझिएको खण्डमा बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको सक्कल कागजपत्रहरु यस कार्यालयबाट माग भई आएमा पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा मु.अ.कर समेत प्रष्टसँग खुल्नेगरी तोकिए वमोजिम धरौटी रकम यस कार्यालयको माछापुछ्रे बैंकमा रहेको धरौटी खाता नं **GA.3.1 0790051472900011** मा जम्मा गरेको बैंक भौचरको SCAN COPY वा रितपुर्वको बैक जमानी पत्र ( विड वण्ड ) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. स्विकृत ठेक्का अंकलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्तामा न्युनतम ५०% र बाकीँ ५०% रकम दोस्रो किस्ता गरी २ किस्तामा विभाजन गरीएको र पहिलो किस्तामा न्यूनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरी बाँकीको हकमा सम्झौता रकमको १०% थप गरि जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंक बाट २०८४ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। साथै बाँकी रकमको किस्ता २०८३ साल चैत्र मसान्त भित्र दाखिला गर्नुपर्नेछ।

७. स्वीकृत बोलपत्रदाताले चाहेमा आफुले कबोल गरेको एकमुष्ट रकम सम्झौताको समयमा बूझाउन सक्नेछ।

८. २०८४ जेष्ठ मसान्तसम्म नदिजन्य सामग्री उत्खनन् तथा संकलन गरी घाटगद्दी गर्नुपर्नेछ। विक्री हुन् बाँकी रहेको सामग्री असार महिनाको पहिलो हप्ता भित्र घाटगद्दी प्रमाणित गराउनुपर्नेछ। तोकिएको परिमाण भन्दा बढी उत्खनन् गरिएको पाइएमा सो सम्पूर्ण सामग्री जफत गरी प्रचलित कानुन वमोजिम कारवाही गरिनेछ।

**आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी शर्तहरुः**

९. तोकिएको किस्ता म्यादभित्र नवुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकि रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गरी कानूनी प्रक्रिया अपनाइनेछ । असुल गर्न बाँकी रकम १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. ठेक्का bid गर्दा राखेको ५% bid bond रकम सम्झौता भएपछि ठेक्का नपरेका बोलपत्रदाताहरुलाई फिर्ता दिइने छ ।

११. कुनै पनि शर्त राखि पेश गरेको र रित नपुगेको बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।पेश भएका बोलपत्र स्विकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटी/वेवसाइटमा हेर्नुहुन वा कार्यालय समयभित्र यस कार्यालको राजश्व शाखामा सम्पर्क राख्नुहुन सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

१३. प्रचलित नियमानुसार कालोसूचिमा परेका र गाउँपालिका कार्यालयलाई बुझाउनुपर्ने बाँकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. मादी गाउँपालिकाको कार्यालय, कास्कीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई गरि सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गर्दा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१५. बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनुपर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन ।

१६. घाटसम्म जाने आउने बाटोको व्यवस्थापन, मर्मत सम्भार तथा स्थानीय स्तरमा विवाद उत्पन्न भएमा को सम्पूर्णको व्यवस्थापन बोलपत्रदाताले गर्नु पर्नेछ। राष्ट्रिय रार्जमार्ग र सहायक राजमार्गमा ढाँट तगारो राखी प्राकृतिक स्रोत कर संकलन गर्न पाइने छैन । ढुङ्गा, वालुवा, गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनुपर्नेछ।

१७. बोलपत्रदाताले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटि टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ।

१८. गाउँपालिकाबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८३ मा नतोकिएको स्थानबाट कसैले पनि नदिजन्य पदार्थ संकलन उत्खनन् गर्न पाइने छैन। यसरी नतोकिएको स्थानबाट संकलन/उत्खनन् गरेको पाइएमा गाउँपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

१९. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्विकृत ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् संकलन, क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नुपर्नेछ।

२०. नदिको किनारबाट भुक्षय हुने गरी डिल, भिर, भित्तो खनी खोस्रि ढुङ्गा, गिट्टी, वालुवा निकाल्न पाइने छैन।

२१. नदि खोलाको घाट वा आकृति विग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । साथै ढुङ्गा, वालुवा, गिट्टी भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाइने छैन । स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) २०८३ ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिएर मात्र घाटगद्दि स्थल तोकेर प्रयोग गर्न पाइने छ ।

## आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी शर्तहरु:

२२. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्विकृत ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् संकलन, क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नुपर्नेछ।

२३. नदिको किनारबाट भुक्षय हुने गरी डिल, भिर, भित्तो खनी खोस्रि ढुङ्गा, गिट्टी, वालुवा निकाल्न पाइने छैन।

२४. नदि खोलाको घाट वा आकृति विग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । साथै ढुङ्गा, वालुवा, गिट्टी भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाइने छैन । स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) २०८३ ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिएर मात्र घाटगद्दि स्थल तोकेर प्रयोग गर्न पाइने छ ।

२५. गाउँपालिका भित्र संचालन हुने आयोजनामा, उत्खनन् भएको नदिजन्य सामग्री आवश्यकता अनुसार प्राविधिकबाट अनुमति भएपश्चात मात्र ढुंगा, गिट्टी तथा वालुवा छुट्टाछुट्टै गरी विक्रीवितरण गर्नुपर्नेछ।

२६. बोलपत्रदाताले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ। बोलपत्रदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

२७. बोलपत्रदाताले १५/१५ दिनमा संकलन तथा उत्खनन् परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोहि समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टि नगदि रसिद पनि फिर्ता गर्नुपर्नेछ।

२८. बोलपत्रदाताले नदिजन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्दि स्थल सम्बन्धीका खर्चहरु स्वंय आफैंले व्यहोर्नुपर्नेछ।

२९. विहान ८:०० भन्दा अगाडी र साँझ ५:०० बजे पश्चात ढुवानीका साधनहरुले घाटगद्दि स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाहि गरिनेछ ।

३०. खोला र नदिको घाटगद्दि स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटि (साइनवोर्ड) बोलपत्रदाता आफैंले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्दछ ।

३१. नेपाल सरकारले विक्रिकर छुटका लागि गरेका निर्णय बाहेक यस मादी गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदि खोलाबाट नदिजन्य पदार्थ संकलन/उत्खनन् गरे वापत गाउँपालिकाको प्राकृतिक स्रोत कर सबैले तिर्नुपर्नेछ। कसैले गाउँपालिकाको प्राकृतिक कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

३३. कार्यालयबाट विभिन्न समयमा दिइने आवश्यक निर्देशनहरुको पालना गर्नुपर्नेछ ।

३४. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार मादी गाउँपालिकामा सुरक्षित रहनेछ। साथै यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, वातावरणिय परिक्षण प्रतिवेदन २०८३ बमोजिम हुनेछ ।

(माथि उल्लेखित शर्त तथा सम्झौताका वखत शर्तहरु पालनाका राजी छु।)

बोलपत्रदाताको नाम:

बोलपत्रदाताको सही र छाप: